सुदूरपश्चिम प्रदेश सरकार

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

# सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्ड

## धनगढी, कैलाली

**प्रस्ताव आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२।१२।१८**

यस दुग्ध विकास बोर्डको आ.ब २०८२।०८३ को स्विकृत बार्षिक कार्यक्रम अन्तर्गत सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली २०७९ बमोजिम तपसिलका कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकाले ईच्छुक फर्म/उद्योग/व्यवसायी/सहकारीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन (२०८३/०१/०२) कार्यालय समयभित्र तपसिलमा उल्लेखित कागजातहरु सहित सम्बन्धित जिल्लाको पशु सेवा विज्ञ केन्द्र वा यस बोर्डको कार्यालयमा आवेदन पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ । म्याद समाप्त भए पश्चात प्राप्त भएका तथा आवश्यक कागजात संलग्न नभएका आवेदनहरु उपर कुनै कारवाही गरिने छैन ।

**आवश्यक कागजातहरु:**

क) रु.१० को टिकट टास गरेको निवेदन तथा प्रस्ताव पत्र (अनुसूची ५) ।

ख) व्यवसायको दर्ता प्रमाण पत्र, पान नं., करचुक्ता प्रमाणपत्र तथा नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि ।

ग) सम्बन्धित स्थानियतह अन्तर्गत वडा कार्यालयको सिफारिसपत्र घ) कार्यक्रममा लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र एवं कार्यक्रम संचालन सम्बन्धि संस्थागत निर्णयको प्रतिलिपि ।

ङ) सम्बन्धीत बिषयमा तालीम लिएको भए सोको प्रमाणित प्रतिलिपि तथा बैदेशिक रोजगारी बाट फर्केको भए सोको पुष्टी हुने खालको प्रमाण ।

च) कार्यक्रम कार्यान्वयन हुने जग्गाको स्वामित्त देखिने (एकाघर सगोलको परिवारको सदस्यको नाममा भए नाता खुल्ने प्रमाण सहित) कागजातको प्रमाणित प्रतिलिपी वा जग्गा लिजमा लिएको भए कम्तीमा १० बर्षको आधिकारिक सम्झौताको प्रतिलिपी पत्र ।

छ) निवेदन/प्रस्ताव बाफतको राजश्व दस्तुर रकम तपसिल अनुसार प्रदेश सरकारको रा.बा.बैंक स्थित राजश्व शिर्षक नं. १४२२९ र कार्यालय कोड सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्ड ३१२०२७७०४७ मा जम्मा गरेको भौचर(पछि फिर्ता नहुने गरि) संलग्न राखुपर्नेछ ।

**राजश्व दस्तुर:**

रु.१ लाख भन्दा कमको प्रस्तावको लागि शुल्क नलाग्ने,

रु.१ लाख देखि माथी रु.५ लाख सम्मको प्रस्तावको लागि रु. ३००

रु. ५ लाख देखि माथीको प्रस्तावको लागि रु.१०००।

**कार्यक्रमहरु**

| सि न | कार्यक्रमको विवरण | लक्ष्य संख्या | स्विकृत बजेट | अधिकतम अनुदान सिमा | कार्यक्रम संचालन हुने स्थान | मुख्य क्रियाकलापहरु (लागत साझेदारीमा) |
|---|---|---|---|---|---|---|
| १ | दुग्ध व्यवसाय प्रवर्द्धनका र मुल्य श्रृंखला अभिवृद्धीका लागि लागत साझेदारीमा माँगमा आधारित कार्यक्रम | पटक १ | रु १ करोड | रु ५ लाख | सुदूरपश्चिम प्रदेशका नौ वटै जिल्ला | उपकरण तथा सामग्री खरिद |
| २ | मिल्क एनालाइजर (यन्त्र) खरिदमा लागत साझेदारी | पटक १ | १८ लाख | रु ५ लाख | | मिल्क एनालाईजर खरिद |
| ३ | पाउडर प्लान्ट सम्म दुध ढुवानीका लागी ढुवानी अनुदानमा लागत साझेदारी | पटक १ | रु १० लाख | १० लाख | | दुध ढुवानीमा अनुदान |

**नोट :**

क. लागत साझेदारी ५०:५० प्रतिशतको हुनेछ ।

ख. ) प्रस्ताव पेश गर्दा प्रस्तावकले सम्बन्धित कार्यक्रममा व्यवसायिक रुपले काम गरेको तथा सम्बन्धीत क्षेत्रमा कार्य अनुभव भएको हुनु पर्नेछ ।

ग.) प्रस्ताव फाराम सम्बन्धित जिल्लाको पशु सेवा बिज्ञ केन्द्र वा सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्डको कार्यालयमा दर्ता गर्नु पर्ने छ ।

घ.) प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलीपल्ट समेत प्रस्ताव दर्ता गरिने छ ।

ङ.) प्रस्तावको अनुसूचीहरु यस कार्यालय तथा सम्बन्धीत पशु सेवा विज्ञ केन्द्र बाट उपलब्ध गराईने छ ।

च. ) प्रदेश सरकार बाट कार्यक्रम बजेट थपघट सम्बन्धी वा अन्य कुनै निर्णय भई आएमा सोही बमोजिम हुने छ ।

बिस्तृत जानकारीको लागि सम्बन्धित पशु सेवा बिज्ञ केन्द्रमा वा यस दुग्ध विकास बोर्डमा सम्पर्क गर्न सकिन्छ ।

कार्यकारी निर्देशक

☎ / ✉ spdairyboard@gmail.com